# सिसम-२ अपडेट

विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना (सिसम-२)

चैत २०७३, अङ्क-९

## यस अङ्कभित्र

पेज १. विद्यालय सुधार योजना : सिकाइ उपलब्धिको एक कोसेढुङ्गा !

पेज २. सिसम-२ परियोजनाको अन्तिम सर्भेक्षण: विसुयो कार्यान्वयनको अवस्था

पेज ३. विसुयोको अध्ययन र समीक्षा

भक्तपुरमा प्रकोप नक्शाङ्कन सम्बन्धी अभिमूखीकरण !

पेज ४. विसुयो लेखाजोखाबारे मेरो अनुभुति





## विद्यालय सुधार योजना: सिकाइ उपलब्धिको एक कोसेढुङ्गा

*घनश्याम अर्याल*
*उपनिर्देशक, शिक्षा विभाग*

शिक्षा विभागले विद्यालय व्यवस्थापनमा सुधार सहयोग परियोजना दोस्रो चरण (सिसम-२) को प्राविधिक सहयोगमा विद्यार्थीहरूको सिकाइ उपलब्धि बढाउन, विद्यालय व्यवस्थापन सुधारको एक विधिको रूपमा विद्यालय सुधार योजना (विसुयो) तर्जुमा र अद्यावधिक गर्नका लागि सहयोग पुर्‍याउँदै आइरहेको छ । सो क्रममा ***विसुयो निर्माण सहयोगी पुस्तिका, विद्यालयस्तरीय कार्यशाला सहयोगी पुस्तिका, विद्यालय स्वःमूल्याङ्कन रुजुसूची*** र ***वार्षिक विसुयो अद्यावधिकका लागि सहयोगी तालिम पुस्तिका तथा विद्यालयमा विपद् पूर्वतयारी सम्बन्धी सन्दर्भ सामग्रीहरू*** तयार गरी नेपालका करिब ३०,००० सामुदायिक विद्यालयहरूमा उपलब्ध गराइएको छ । यसैगरी क्षेत्रीय, जिल्ला, स्रोतकेन्द्र र विद्यालयस्तरमा विसुयो तर्जुमा र अद्यावधिक सम्बन्धी क्षमता अभिवृद्धिका लागि विभिन्न प्रकारका तालिम, अभिमुखीकरण कार्यक्रमहरु सञ्चालन भएका छन् ।

उक्त तालिम, अभिमुखीकरण कार्यक्रमहरू पश्चात विद्यालयहरूले विसुयो तर्जुमाको औचित्य र आवश्यकताहरू बोध गर्नुका साथै विसुयो निर्माण र कार्यान्वयनको माध्यमबाट विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार गर्न सकिन्छ भन्ने कुरा महसुस गर्न थालेका छन् । यद्यपि, केही विद्यालयहरूमा विसुयो निर्माण सम्बन्धी विभिन्न समस्याहरू जस्तै योजना यथार्थपरक नहुनु, आर्थिक रूपले कार्यान्वयन सम्भव नहुनु, योजना माथिल्ला निकायहरूमा पेस गर्ने प्रयोजनका लागि मात्रै तयार हुनु आदि जस्ता सवालहरू अझै पनि यथावत रहेका छन । यिनै सवालहरूलाई सम्बोधन गर्ने उद्देश्यले शिक्षा विभागको सिसम-२ परियोजनाले गुणस्तरीय, वास्तविक तथा सजिलै कार्यान्वयन गर्न सकिने विसुयो निर्माणमा सहयोग गर्नका लागि विसुयोको लेखाजोखा गर्ने कार्यको सुरुआत गरेको छ । जिशिका, गोरखाबाट सुरुआत गरिएको विसुयो लेखाजोखा (SIP Appraisal) प्रक्रियाको अध्ययन र अनुभवको आधारमा यसलाई थप परिष्कृत गर्दै भकम्पबाट अति प्रभावित तल तालिकामा उल्लिखित १० ओटा जिल्लाहरूमा "जिल्ला स्तरीय विसुयो लेखाजोखा सम्बन्धी अभिमुखीकरण" कार्य सञ्चालन गरिएको छ ।

**विसुयो लेखाजोखा सम्बन्धी कार्यक्रमको सारांस**

| क्र.सं. | जिल्ला | जिल्ला स्तरीय अभिमुखीकरण भएको मिति | जिल्ला स्तरीय अभिमुखीकरणका सहभागीहरू | स्रोतकेन्द्र सङ्ख्या | विद्यालय सङ्ख्या | समीक्षा गरिएका विसुयो सङ्ख्या* | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | ५ वर्षे | वार्षिक |
| १ | काठमाडौं | २२/२३ मंसिर २०७३ | ५१ | २३ | १८२ | ९१ | - |
| २ | धादिङ | २ मंसिर २०७३ | २९ | २० | ५७७ | १९२ | - |
| ३ | नुवाकोट | ४ पुष २०७३ | २७ | १३ | ४६० | ३३० | २ |
| ४ | रसुवा | ५ पुष २०७३ | २२ | ८ | ८८ | ८७ | ८४ |
| ५ | रामेछाप | ५/६ माघ २०७३ | ३० | १६ | ४१९ | ४१९ | १५७ |
| ६ | दोलखा | ६/७ माघ २०७३ | ३१ | १६ | ३६० | ३४४ | - |
| ७ | सिन्धुपाल्चोक | १९/२० माघ २०७३ | ३९ | १७ | ५४१ | ३१७ | ६८ |
| ८ | काभ्रेपलाञ्चोक | ३/४ फागुन २०७३ | ३५ | २६ | ५२७ | १६३ | - |
| ९ | ललितपुर | १९/२० फागुन २०७३ | ४१ | १५ | १८६ | १६८ | १५४ |
| १० | ओखलढुङ्गा | १४/१५ चैत २०७३ | ३२ | १४ | ३३१ | २४ | ९९ |
| | | **जम्मा** | **३३७** | **१६८** | **३६७१** | **२१३५** | **५६४** |

* विसुयो लेखाजोखा सम्बन्धी अभिमुखीकरण कार्यक्रममा आउँदा आआफ्नो स्रोत केन्द्रअन्तर्गत अद्यावधिक भएका ५ वर्षे र बार्षिक विसुयोहरू लिएर आउन स्रोतव्यक्तिहरूलाई सूचित गरिएको थियो । अभिमुखीकरण कार्यक्रममा समय अभावको कारणले केही विसुयोहरू मात्रै समीक्षा गरिएको थियो ।

यस जिल्लास्तरीय विसुयो लेखाजोखाको अभिमूखीकरण पश्चात्, तालिम प्राप्त स्रोतव्यक्तिहरूले आआफ्ना स्रोतकेन्द्रहरूमा स्रोतकेन्द्रस्तरीय विसुयो लेखाजोखा गर्न निर्देशन दिईएको थियो । विसुयो लेखाजोखा गर्दा देखिएका सुधारात्मक पक्षहरू सम्बन्धित प्रधानाध्यापक एवं विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई उपलब्ध गराइएको थियो ।

विसुयो लेखाजोखा गर्दा प्राप्त सिकाइहरू,

- कार्यक्रमका सहभागीहरूले विसुयोका बारेमा उठाएका समस्या र सवालहरू विसुयोमा समावेश गरिनुपर्दछ ।
- ५ वर्षे आवधिक योजना र वार्षिक अद्यावधिक योजनावीच तालमेल भएको हुनुपर्दछ ।
- विसुयोको कार्यक्रमहरूको लक्ष्य निर्धारण गर्दा विद्यालयको स्वःमूल्याङ्कन रुजुसूचीको विश्लेषणका आधारमा गरिनुपर्छ ।
- विसुयोमा उल्लिखित कार्यक्रम तथा गतिविधिहरू कार्यान्वयन योग्य हुनुपर्दछ ।

यस कार्यकमको सिलसिलामा विसुयोको लेखाजोखा कार्यक्रमले विसुयोमा उल्लिखित कार्यक्रमहरूको कार्यान्वयनमा सहयोग पुग्ने यथार्थता विद्यालय निरीक्षक, स्रोतव्यक्ति तथा प्रधानाध्यापकहरूले महसुस गरेका छन ।

## सिसम-२ परियोजनाको अन्तिम सर्भेक्षण: विसुयो कार्यान्वयनको अवस्था

जिशिका, स्रोतव्यक्ति र शिक्षा विभाग/सिसम-२ परियोजनाका कर्मचारी सम्मिलित एक टोलीको सहकार्यमा जेठ देखि माघ २०७३ मा यस परियोजनाको अन्तिम सर्भेक्षण (Endline Survey) सम्पन्न भएको थियो । सर्वेक्षणबाट सङ्कलित तथ्याङ्कहरूको कम्प्युटर प्रवेशीकरण, संयोजन र विश्लेषण तथा प्रतिवेदन लेखनकार्य सिसम-२ परियोजनाले सम्पन्न गरेको हो । तल प्रस्तुत गरीएको तथ्याङ्कले विसुयोमा विद्यार्थी भर्ना, आन्तरिक सक्षमताका सवाल साथै यी सवालहरूलाई विद्यालयले पूर्ण वा आशिंक रूपले कार्यान्वयन गर्न सके वा केही पनि कार्यान्वयन गर्न सकेका छैनन् भन्ने सवालहरूको यथास्थितिको उजागर गरेको छ ।

**विसुयो कार्यान्वयन एक झलक**

| सुधारका क्षेत्र | | बजेट आवश्यक (छ/छैन) | नियोजित कार्यक्रम सङ्ख्या | कार्यान्वयनको अवस्था (सङ्ख्यामा) | | | कार्यान्वयनको अवस्था (प्रतिशतमा) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | पूर्ण रुपमा | आशिंक रुपमा | नभएका | पूर्ण रुपमा | अर्ध आशिंक | नभएका |
| १ | विद्यार्थी भर्ना | छ | ४६ | ३६ | ९ | १ | ७८% | २०% | २% |
| | | छैन | ८३ | ५१ | २३ | ९ | ६१% | २८% | ११% |
| २ | आन्तरिक सक्षमता (विद्यालय छाड्ने, उत्तीर्ण हुने र कक्षा दोहोऱ्याउने) | छ | ५३ | २८ | १४ | ११ | ५३% | २६% | २१% |
| | | छैन | ११६ | ७८ | २६ | १२ | ६६% | २२% | १०% |
| ३ | सिकाइ उपलब्धि | छ | ७७ | ३८ | २३ | १६ | ४९% | ३०% | २१% |
| | | छैन | १२५ | ८६ | ३३ | ६ | ६९% | २६% | ५% |
| ४ | शिक्षक व्यवस्थापन | छ | १०८ | ५७ | १७ | ३४ | ५३% | १६% | ३१% |
| | | छैन | ५५ | ३६ | ९ | १० | ६५% | १६% | १८% |
| ५ | विद्यार्थीको हाजिरी | छ | ३२ | १८ | ११ | ३ | ५६% | ३४% | ९% |
| | | छैन | ८३ | ५६ | १९ | ८ | ६७% | २३% | १०% |
| ६ | शिक्षकको हाजिरी | छ | १६ | १३ | ३ | ० | ८१% | १९% | ०% |
| | | छैन | ६१ | ४० | १८ | ३ | ६६% | ३०% | ५% |
| ७ | भौतिक पूर्वाधार व्यवस्थापन | छ | २७५ | ९१ | ४९ | १३५ | ३३% | १८% | ४९% |
| | | छैन | १४ | ८ | ५ | १ | ५७% | ३६% | ७% |
| ८ | विद्यालय व्यवस्थापनमा अभिभावकहरूको संलग्नता | छ | ४७ | २८ | १४ | ५ | ६०% | ३०% | ११% |
| | | छैन | ९१ | ६१ | २२ | ८ | ६७% | २४% | ९% |
| ९ | शैक्षिक सामग्रीहरू | छ | १९९ | १०४ | ५५ | ४० | ५२% | २८% | २०% |
| | | छैन | २६ | १५ | १० | १ | ५८% | ३८% | ४% |
| १० | स्रोत संकलन | छ | १०२ | ३९ | १९ | ४४ | ३८% | १९% | ४३% |
| | | छैन | ३८ | २६ | ९ | ३ | ६८% | २४% | ८% |
| ११ | विद्यालयमा विपद् पूर्वतयारी | छ | ३४ | १६ | १४ | ४ | ४७% | ४१% | १२% |
| | | छैन | ६९ | ५२ | १३ | ४ | ७५% | १९% | ६% |
| १२ | अन्य | छ | ४१ | २१ | ९ | ५ | ६६% | २२% | १२% |
| | | छैन | १६ | ४ | ८ | ४ | २५% | ५०% | २५% |
| जम्मा | | छ | १,०३० | ४९५ | २३७ | २९८ | ४८% | २३% | २९% |
| | | छैन | ७७७ | ५१३ | १९५ | ६९ | ६६% | २५% | ९% |

विसुयोमा तर्जुमा गरिएका कार्यक्रमहरू मध्ये सबैभन्दा ठुलो संङ्ख्या २८९ “भौतिक पूर्वाधार व्यवस्थापन” का गतिविधिहरू राखिएको भए तापनि कार्यान्वयनको लागि बजेटको व्यवस्था ज्यादै न्यून रहेको छ । २२५ कार्यक्रमहरूको “शैक्षिक सामग्रीको व्यवस्थापन” दोस्रो र २०२ कार्यक्रमका साथमा “सिकाइ उपलब्धि” ले तेस्रो स्थान ओगटेको छ । यस तथ्याङ्कले विद्यालय व्यवस्थापन समितिहरूको विद्यार्थीले गुणस्तरीय शिक्षा पाउनु पर्ने प्रतिको चासोमा अभिवृद्धि भएको सङ्केत गर्छ । यसबाहेक बिना बजेट वा कम बजेटमा गर्न सकिने कार्यक्रमहरू तर्फ हेर्दा “सिकाइ उपलब्धि” कार्यक्रम सबैभन्दा बढी अर्थात १२५ तर्जुमा गरिएको कार्यक्रममा पर्दछ भने तर्जुमा गरिएका कार्यक्रमहरूको कार्यान्वयन स्थिति हेर्दा “सिकाइ उपलब्धि” का १२५ मध्ये ११९ कार्यक्रमहरू पूर्ण वा आशिंक रूपमा सम्पन्न भएका छन् जुन ९४% रहेको छ । वार्षिक विसुयो अद्यावधिकका लागि सहयोगी तालिम पुस्तिका तथा विद्यालयमा विपद् पूर्वतयारी विषयक अभिमुखीकरण र सन्दर्भ सामग्रीको प्रयोग पश्चात् विसुयोमा तर्जुमा गरिएका कार्यक्रमहरू बिना बजेट वा कम बजेटमा गर्न सकिने कार्यक्रमहरूका १०३, विपद् व्यवस्थापनका योजना तर्जुमा गरिएकोमा ९२% कार्यक्रमहरू पूर्ण वा आशिंक रूपमा सम्पन्न भएका छन् जुन एक अर्को उदाहरणीय परिणाम हो ।

## विसुयोको अध्ययन र समीक्षा


सरोकारवालाहरूसँग विसुयोको अध्ययनका लागी अन्तर्वार्ता लिदै

नेपालमा आर्थिक वर्ष २०५८/५९ देखि सबै सामुदायिक विद्यालयहरूमा अनिवार्य रूपमा ५ वर्षे विसुयो र विसुयोको वार्षिक रूपमा अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको थियो । तसर्थ, जापान अन्तर्राष्ट्रिय सहयोग नियोगको प्राविधिक र आर्थिक सहयोगमा शिक्षा मन्त्रालय, शिक्षा विभाग, राष्ट्रिय शैक्षिक जनशक्ति विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रको सहकार्यमा सम्बन्धित सरोकावालाहरूको विसुयो निर्माणका सवालमा क्षमता अभिवृद्धि गर्न आवश्यक विभिन्न तालिम सामग्री उत्पादन र वितरणसहित विभिन्न स्तरीय तहगत तालिम कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । यसको प्रतिफल स्वरूप, हाल आएर विद्यालयहरूले विद्यालय व्यवस्थापनमा सुधारका लागि विसुयो एक अति आवश्यक विधिको हो भन्ने कुरा महसुस गरी आत्मसात गर्दै आइरहेका छन् । साथै विद्यालय क्षेत्र विकास कार्यक्रमले पनि विसुयोको औचित्यलाई महसुस गर्दै आफ्नो कार्यक्रममा विद्यालयका सबै तहमा गुणस्तरीय शिक्षाको पहुँच पुऱ्याउने र जिल्लाहरूमा तर्जुमा गरिएका योजनाहरूको सफल कार्यान्वयन गर्नका लागि आवश्यक स्रोत व्यवस्थापन गर्न एक विधिको रूपमा विसुयोलाई प्रयोग गर्ने गरिएको छ । सामुदायिक विद्यालयहरूका परिमार्जित विसुयोहरूको सूक्ष्म अध्ययन तथा समीक्षा गरी यसका राम्रा कुराहरू पहिचान गर्ने र आगामी दिनहरूमा विसुयोलाई अझ सशक्त र परिष्कृत गर्दै लैजानु पर्ने आवश्यकता महसुस गरिएको छ ।

विसुयोको अध्ययन तथा समीक्षाको मुख्य लक्ष्य भनेको विद्यालयहरूलाई विद्यालय व्यवस्थापनमा सुधार गरी विद्यार्थीहरूलाई गुणस्तरीय शिक्षा प्रदान गर्न सहयोग गर्नु हो । यसको उद्देश्य भनेको विसुयोको वास्तविक अवस्थाको पहिचान गरी यसका सबल पक्ष, कमी कमजोरी तथा सुधार गर्न सकिने सम्भावनाहरूको लेखाजोखा गर्नु हो साथै विसुयोका सफल कथा, सिकाइको आधारमा विसुयोलाई आगामी दिनहरूमा अझ सुधार गरी सजिलै प्रयोग गर्न सकिने बनाउनु तथा विसुयोको कार्यान्वयनमा सरोकारवालाहरूको संलग्नता पहिचान गरी आम्दानी र खर्चको पारदर्शिता कायम गर्नु रहेको छ ।

शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र पाठ्यक्रम विकास केन्द्रले विसुयोको अध्ययन तथा समीक्षाको लागि आवश्यक आधार र निश्चित ढाँचा तयार गरी सम्बन्धित जिशिकाको सहमतिमा तराई र पहाड गरी दुई क्षेत्रमा अध्ययन र अनुसन्धानको लागि एक/एक स्रोतकेन्द्र छनोट गरिएको थियो । जसअनुसार तराईका ४० र पहाडका ३६ ओटा सामुदायिक विद्यालयहरूमा विसुयोको अध्ययन र समीक्षा गरिएको थियो । त्यसै गरी ५ वर्षे विसुयो, विसुयोको वार्षिक अद्यावधी, अघिल्लो आर्थिक वर्षका आम्दानी खर्चको प्रतिवेदन र विद्यालय व्यवस्थापन सम्बन्धी प्रश्नावली संकलन गरी सूचना तथा तथ्याङ्कहरूको विश्लेषण गरिएको थियो । यस अध्ययनकै बेला शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र सम्बन्धित जिशिकाका पदाधिकारीहरूबाट थुप्रै स्थलगत भ्रमण, सरोकावालाहरूको भेला तथा छलफलहरू गरिएका थिए ।

यस विसुयोको अध्ययन र समीक्षाका परिणाम र निचोडहरूमा : क) विसुयो ५ वर्षे र वार्षिक अद्यावधिक प्रक्रियामा अझै पनि अन्योल र ५ वर्षे र वार्षिक अद्यावधिकको अन्तरसम्बन्ध बुझ्न नसकी वार्षिक अद्यावधि पनि ५ वर्षे विसुयो जस्तै गरी तयार गरिएको ख) विद्यालयहरूले विद्यालयको समस्या र यसका कारणहरू राम्ररी बुझेका छन् ग) विद्यालयमा बजेट तथा अनुदान रकमका बारेमा सूचना/जानकारीको अभाव घ) जिशिका र अन्य दातृ निकायहरूले विद्यालयहरूका विसुयोमा तर्जुमा गरिएका कार्यक्रमहरूलाई कम प्राथमिकता दिनु र पर्याप्त स्रोत उपलब्ध गराउन नसक्नु आदि रहेका छन् ।

## भक्तपुरमा BOSAI Mapping सम्बन्धी अभिमुखीकरण


भक्तपुरको स्रोत केन्द्रमा प्रकोप सम्बन्धी नक्शाङ्कन

भक्तपुर जिल्लाका आठ ओटै स्रोत केन्द्रहरूमा प्रकोप (BOSAI) नक्शाङ्कन सम्बन्धी अभिमुखीकरण माघ/फागुन २०७३ मा सम्पन्न भएको छ । प्रधानाध्यापक तथा शिक्षकहरूले उनिहरूको विद्यालयमा प्रकोप नक्शाङ्कन गर्न सकून् भनेर तालिम दिनु नै यसको उद्देश्य रहेको छ । स्रोतव्यक्तिहरूले शिक्षा विभाग/जिल्ला शिक्षा कार्यालयका अधिकारीहरूसँगको सहकार्यमा अभिमुखीकरण कार्यक्रम सहजिकरण गरेका थिए । सहभागीहरूलाई नक्शाङ्कनको चरणहरू : १) चित्रकार्डहरूको पहिचान २) चित्रकार्डहरू मिलाएर राख्ने (विद्यालय तथा हिमालको चित्रकार्ड राख्ने) ३) मुख्य-मुख्य भौतिक संरचनाहरूको नक्शाङ्कन ४) असुरक्षित तथा भेला हुने स्थानको पहिचान ५) बाहिर जाने तथा ब्यानर झुन्डयाउने ६) समापन आदिको प्रक्रिया बारे अवगत गराइएको थियो । अभिमुखीकरणमा स्रोतव्यक्तिहरूले BOSAI को अर्थ बारे जोड दिँदै भने *यो एउटा जापानिज शब्दावली हो जुन विपद् जोखिम न्यूनिकरण सम्बन्धी विषयमा प्रयोग गरिन्छ र यसले भन्छ कि **"आफ्नो/आफूलाई सहयोग"** **"परस्पर सहयोग"** तथा **"सार्वजनिक सहयोग"*** ।

अभिमुखीकरणमा यो पनि छलफल गरिएको थियो कि विद्यालय, विव्यस तथा अभिभावकहरूले उनिहरूको विद्यार्थीहरूलाई विद्यालयमा सुरक्षित राख्न तथा मानवीय क्षति कम होस भनेर के गर्न सक्छन् ? सहजकर्ताहरूले प्रधानाध्यापक तथा शिक्षकहरूलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धी कार्यकलापहरूलाई विसुयोमा एकीकृत गर्न तथा सोहीअनुसारको कार्ययोजना बनाउन निर्देशित गरेका थिए । त्यसैगरी सहजकर्ता तथा सहभागीहरूले विद्यालयमा प्रकोप नक्शाङ्कन गर्दा निम्न उल्लिखित बुँदाहरू विचार गर्न आवश्यक छ भनेर छलफल गरेका थिए ।



प्रकोप सम्बन्धी नक्शाङ्कन तयार भयो अब समीक्षा गरौं

क) प्राविधिक तथा प्रशासनिक स्वीकृतिका लागि सम्बन्धित सरोकारवाला व्यक्ति तथा संस्थाहरू जस्तै स्थानीय सरकारी निकाय, रेडक्रस, प्रहरी, भूकम्प प्रविधि राष्ट्रिय समाज नेपाल, शिक्षा विभागका इन्जिनियर, जिल्ला विकास समितिका इन्जिनियरहरूलाई समेत बोलाउने ।

ख) केवल नक्सा कोर्नु/बनाउनु मात्रै प्रकोप नक्शाङ्कनको उद्देश्य हाइन । विद्यालय वरपरका "असुरक्षित" तथा "भेला हुने स्थान" आदिका बारेमा सरोकारवालाहरू (विद्यार्थी, अभिभावक, शिक्षक, विव्यस/शिअस सदस्य, स्थानिय समुदाय) बीच साझा बुझाइ कायम गर्नु महत्वपूर्ण कुरा हो । जसले गर्दा उनीहरूमा विपद् जोखिम न्यूनीकरण सम्बन्धी जनचेतना अभिवृद्धि हुन्छ ।

ग) सार्वजनिक ठाँउहरूमा "भेला हुने स्थान"को ब्यानर राख्ने बेलामा सबै सरोकारवाला तथा आधिकारिक संस्थाहरू बीचको सहमति आवश्यक हुन्छ ।

घ) स्रोत व्यक्तिले विपद् जोखिम न्यूनीकरण सम्बन्धी नवीनतम सूचना/जानकारी आदानप्रदान गर्ने तथा अर्न्तक्रिया गर्ने मञ्चको रूपमा नियमित प्रधानाध्यापक बैठकलाई उपयोग गर्न सक्नेछन् ।

अभिमुखीकरण पश्चात् भक्तपुर जिल्लाका १३१ ओटै सामुदायिक विद्यालयहरूले यसै आर्थिक वर्षभित्र प्रकोप नक्शाङ्कन गर्ने छन् साथै अर्को वर्ष विसुयो अद्यावधिक गर्ने बेलामा विद्यालयहरूलाई प्रकोप नक्शाङ्कन गर्नका लागि प्रोत्साहित/सिफारिस गरिएको छ । यसका साथै विद्यालयहरूले प्रकोप नक्शाङ्कनलाई अतिरिक्त कार्यकलापको रूपमा पनि सञ्चालन गर्न सक्छन् ।

## विसुयो लेखाजोखाबारे मेरो अनुभूति

*कृष्णकुमार श्रेष्ठ*
*शाखा अधिकृत, जिशिका, धादिङ*

विगतमा धेरै सामुदायिक विद्यालयहरू विसुयो बारे अनभिज्ञ थिए साथै यसको महत्वका बारेमा उनीहरूलाई थाहा थिएन । विसुयो विद्यालयका लागि नभई केवल जिशिकामा पेस गर्ने एक दस्तावेजको रूपमा लिइन्थ्यो, जसरी मोटर साइकल चालकले हेल्मेट आफ्नो सुरक्षाको लागि नभई ट्रफिकका लागि हो भनेर बुझे जस्तै ।

सिसम-२ परियोजनाको प्राविधिक र आर्थिक सहयोगमा धादिङमा सबै सामुदायिक विद्यालयका सरोकारवालाहरूले विसुयो निर्माण र कार्यान्वयनका लागि आफ्नो क्षमता अभिवृद्धि गरेका थिए । साथै आफ्नो स्वामित्व पनि विकास गरेका थिए । सबै सरोकारवालाहरूले गुणस्तरीय शिक्षाका लागि विसुयोको आवश्यकता महसुस गरे । फलस्वरुप विद्यालयहरूले ५ वर्षे र वार्षिक विसुयो निर्माण गर्न थालेका छन् साथै विद्यालयहरूले विसुयो कार्यान्वयनमा ध्यान दिन थालेका छन् ।

आर्थिक वर्ष २०७२/७३ (२०१६/१७) मा जिशिका धादिङले सबै २० ओटै स्रोतकेन्द्रहरूमा एक दिने विसुयो लेखाजोखा कार्यशाला सञ्चालन गऱ्यो । कार्यशालाको उद्देश्यहरूमा : १) वर्तमान सन्दर्भमा सान्दर्भिकता जाँच गर्न तयारी विसुयो समीक्षा गर्ने २) अर्को अद्यावधिकका लागि विसुयो सुधार गर्न विसुयोको स्वःमूल्याङ्कन रहेका थिए ।



विसुयो निर्माण सहयोगी पुस्तिकाका अनुरुप समीक्षा गर्दै

मध्य कार्तिक २०७२ देखि मध्य माघ २०७३ मा सञ्चालन भएको एक दिन विसुयो लेखाजोखा कार्यशालामा ५७७ विद्यालयका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका सदस्यहरू आ-आफ्नो स्रोत केन्द्रहरूमा सहभागी भएका थिए । यसै क्रममा: सहभागीहरूले स्रोतव्यक्तिबाट पृष्ठपोषण पनि पाएका थिए ।

कार्यशालामा केही विद्यालयले तोकिएका मापदण्ड अनुरुप विसुयोहरू तयार नभएको पाइयो । यसको कारण पछिल्लो संशोधित विसुयो निर्माण सहयोगी पुस्तिका २०७१ उपलब्ध नहुनु पनि हुनसक्छ । सबै विद्यालयहरूले विसुयो निर्माण सहयोगी पुस्तिकामा तोकिएको ढाँचा बमोजिम विसुयो निर्माण गर्ने प्रयास गरेको छ । तथापि केही विद्यालयहरू, अनुसूची-२ को १-९ तालिकाको सूचना र तथ्याङ्को विश्लेषण गरी विसुयो निर्माण गर्न असमर्थ थिए साथै समस्या पहिचान र योजना निर्माण पनि राम्रोसँग उल्लेख गरिएको थिएन । यस कार्यशालाद्वारा गणना र तथ्याङ्क विश्लेषणमा सबै सहभागीहरूलाई आफ्नो गल्ती र कमी कमजोरीहरू महसुस भएको थियो ।

कार्यशाला पश्चात् सहभागीहरूले स्वःमूल्याङ्कनको परिणाममा आधारित व्यावहारिक र कार्यान्वयनयुक्त विसुयो निर्माण गर्ने र स्रोतकेन्द्र मार्फत जिशिकामा पेस गर्ने प्रतिबद्धता जनाए ।



विसुयो निर्माणमा विभागिय निर्देशन माथी छलफल गरिदैं